# कटहरी गाउँपालिकाको
# विनियोजन ऐन, २०८१

गाउँ सभाबाट पारित मितिः २०८१/०३/०६

## कटहरी गाउँपालिका

कटहरी ,मोरङ

नेपाल

२०८१

कटहरी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मितिः २०८१।३।६**

**प्रस्तावः** कटहरी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपाल संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कटहरी गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कटहरी गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन सम्वत २०८१ साउन १ गतेदेखि लागु हुनेछ ।

**२. आर्थिकत बर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पुँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम, नेपाल सरकारको सशर्त, विशेष र समपुरक अनुदान तथा प्रदेश सरकारको सशर्त, समपुरक अनुदान समेत गरी जम्मा रु. ५० करोड ८२ हजार नबढाई निर्दिष्ट गरिएको बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३.विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त कटहरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम भुक्तानी खर्च र व्याज खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अन्तर्गत भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ।